निर्णय प्रमाणित
२०८१/०१/०३

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

**मिति:२०८०।१२।२६ गते सोमबार**

**निर्णयहरु**

<table>
<tr><th>सि नं</th><th>विषय</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>समीक्षा सम्बन्धमा</td><td>मिति २०८०।१२।०२ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।<br>समिक्षामा पाइएको बिषयहरू:<br>निर्णयहरू ३० % कार्यान्वयन भएको र बाँकी ६०% कार्यान्वयनको चरणमा रहेको र बाँकी १०% कार्यान्वयन हुन बाँकी रहेको पाइयो।</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य बिमा कार्यक्रम सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको आ.व.०८०।८१ को बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत रू१२६००००/- बिनियोजन भएकोमा उक्त बजेटबाट वडा कार्यालयको वडामा बराबर भाग लाग्ने गरि प्रत्येक वडामा १,४०,०००/- बराबरको स्वास्थ्य बिमाका लागि रकम बितरण गर्ने।</td></tr>
<tr><td>३</td><td>कोशी प्रदेश समपुरक अनुदान माग सम्बन्धमा।</td><td>कोशी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति:२०८०।११।३० को च.नं.५०६ भएको आर्थिक बर्ष २०८०।८१ का लागि समपुरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्तावव पेश गर्ने सम्बन्धमा देहायको योजनाहरू समपुरक अनुदानका लागि माग गर्ने।
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>ठेगाना</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>मुर्चुङ्गी खोला पक्की पुल निर्माण</td><td>लेटाङ-१</td><td>अगिल्लो आ.व. को निरन्तरता</td></tr>
<tr><td>२</td><td>बुद्ध मार्ग कालोपत्रे निर्माण</td><td>लेटाङ-५</td><td>नयाँ माग</td></tr>
</table></td></tr>
<tr><td>४</td><td>बुलेटिन प्रकाशन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको अर्धबार्षिक बुलेटिनको रूपमा लेटाङ जर्नल नामक पत्रिका प्रकाशनका लागि आवश्यक श्रोत सुनिश्चितता गरी नगरबासी समक्ष न्यूनतम ५०० शब्ददेखी ३००० शब्दसम्मको लेख तथा रचनाहरू बैशाख मसान्त भित्रमा प्राप्त हुने गरी माग गर्ने।(श्रोत:भैपरी चालु खर्च)</td></tr>
<tr><td>५</td><td>बजेट बिनियोजन सम्बन्धमा।</td><td>१.लेटाङ नगरपालिका वडा नं १ को राजारानी भन्ने धिमाल जातीको पुरातात्विक स्थलमा बार्षिक रूपमा बैशाख १र२ गतेको दिन ठूलो मेला लाग्ने, संस्कार अनुसारको पुजा संञ्चालन हुने हुँदा उक्त पुजा व्यवस्थापनका लागि आर्थिक सहयोग माग गरेकाले रू५००००/- प्रदान गर्ने।(अन्य सामाजिक सहायता)</td></tr>
<tr><td></td><td></td><td>२.समृद्ध युवा समाज नेपालबाट नेपाली महिला, युवा, बालबालिका तथा पिछडिएको समुदाय र बर्गलाई लक्षित गरी कानुनी, शैक्षिक, सामाजिक, वातावरण क्षेत्रमा जागरण ल्याउने उद्देश्यले नमुना युवा संसद लेटाङ कार्यक्रमका लागि आर्थिक सहयोग माग भएकाले रू२००००/- आर्थिक सहयोग प्रदान गर्ने।(श्रोत: अन्य सामाजिक सहायता)</td></tr>
<tr><td></td><td></td><td>३. लेटाङ नगरपालिका वडा नं ९ मा अवस्थित नेपाल रेडक्रस सोसाइटी जाँते उपशाखाबाट रक्तदान कार्यक्रम सञ्चालनका लागि बजेट बिनियोजन गरिपाँउ भनी आर्थिक</td></tr>
</table>

| | | |
|---|---|---|
| | | सहयोग माग भएकाले रक्तदान गर्ने व्यक्तिहरूलाई फलफुल तथा जुस बितरणका लागि रू२००००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः अन्य सामाजिक सहायता) |
| | | ४.लेटाङ नगरपालिका वडा नं ३ मा अवस्थित लेटाङ सनसाईन युवा क्लबले रक्तदान कार्यक्रम सञ्चालनका लागि बजेट बिनियोजन गरिपाँउ भनी आर्थिक सहयोग माग भएकाले रक्तदान गर्ने व्यक्तिहरूलाई फलफुल तथा जुस बितरणका लागि रू२००००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः अन्य सामाजिक सहायता) |
| | | ५.लेटाङ नगरपालिकामा १५ दिने स्यानिटरी प्याड निर्माण गर्ने तालिम साथै ३ दिने व्यवसायिकता सम्बन्धी तालिम सञ्चालनका लागि रू २,७०,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः महिला उद्यमशिलता तथा शसक्तिकरणका लागि सीपमुलक तालिम) |

| | | |
|---|---|---|
| ६ | वडा प्रशासनीक भवनको जग्गा सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ५ को वडा प्रशासनीक भवन निर्माणका लागि नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति:२०७५।०५।२६ गतेको बैठकले गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी स्वीकृत गरेको मापदण्डमा वडा केन्द्रको लागि आवश्यक जग्गाको हकमा ३ रोपनी (१५२६।१६ बर्ग मिटर) उल्लेख भएको तर हाल वडा नं ५ को वडा प्रशासनीक भवन निर्माण गर्नका लागि ३ कठ्ठामात्र (१०१५।८९ बर्ग मिटर) जग्गा निशुल्क रूपमा प्रासिका लागि उपलब्ध भएकाले उक्त जग्गा प्रासीका लागि सम्बन्धीत निकायमा अनुरोध गर्ने। तथा मापदण्ड बमोजिम अपुग जग्गा (५१०।२७ बर्ग मिटर) सरकारी जग्गा दर्ता,उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति,२०७९ बमोजिम थप प्रकृया अगाडी बढाई मापदण्ड बमोजिम कायम गरिने। |
| ७ | भुक्तानी प्रदान गर्ने। | हिउँदे सिचाई संञ्जालको हिउँद महिनामा पानी व्यवस्थापनमा खटिने कर्मचारीको दैनिक ज्यालादारिको भुक्तानी बाँकी रहेकाले निजलाई ७ महिनाको १५००० का दरले हुन आउने रू १०५०००/- भुक्तानी प्रदान गर्ने। |
| ८ | सूचना प्रकाशन गर्ने। | लेटाङ नगरपालिकामा अवस्थित सामाजिक संघ संस्थाहरूलाई नविकरणका लागि १५ दिने सूचना प्रकाशन गर्ने। |
| ९ | दैनिक भ्रमण भत्ता अनुमोदन सम्बन्धमा। | लेटाङ नगरपालिका नगर प्रमुखको ३ दिन भन्दा बढि भ्रमण गर्नुपरेमा भ्रमण कार्यपालिकाले स्वीकृत गर्नुपर्ने कानुनी व्यवस्था भएको हुँदा नगर प्रमुख ज्यूको देहायको भ्रमणको अनुमोदन गर्ने।<br>**देहायः**<br>१. मिति:२०८०।०९।१२ देखि २०८०।०९।१६ गते सम्म काठमाडौं<br>२. मिति:२०८०।१२।१२ देखि २०८०।१२।१८ गते सम्म काठमाडौं |
| १० | जग्गा प्रासी सम्बन्धमा। | अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयको मिति:२०८०।१२।२० चं.नं. ITH-8081-53871 भएको पत्रानुसार वनक्षेत्रको स्वामित्वमा रहेको जग्गा भित्र निर्माणधिन अवस्थामा रहेको लेटाङ नगर अस्पतालको भवनको सम्बन्धमा उक्त वन क्षेत्रको जग्गा वन ऐन,२०७६ तथा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी |

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

<table>
<tr><td></td><td></td><td>कार्यनीति, २०७९ समेतले गरेको व्यवस्था बमोझिम जग्गा प्राप्ती गर्ने गराउने भने बमोजिम जग्गा प्राप्तीको प्रक्रिया अगाडी बढाउने। साथै नगरपालिकाको प्रशासनीक भवनका लागि समेत जग्गा आवश्यक रहेकाले माथी उल्लेखित ऐन कानुन बमोझिमको प्रक्रिया अनुरूप लेटाङ नगरपालिका वडा नं ३ अवस्थित रानी वन क्षेत्रमा जग्गा प्राप्तीका लागि प्रक्रिया अगाडी बढाउने। र उक्त कार्य अगि बढाउनका लागि देहायका व्यक्तिहरूलाई जिम्मेवारी प्रदान गर्ने।<br><u>देहायः</u><br>-प्रमुख प्रशासकीय अधिकृत<br>-२ नं वडा अध्यक्ष<br>- पूर्वाधार शाखा प्रमुख</td></tr>
<tr><td>११</td><td>छात्रावृति सम्बन्धमा।</td><td>जेहेन्दार तथा बिपन्न नागरिक छात्राबृति प्रदान गरिदिनुहुन भनी माग निवेदन प्राप्त भएकाले लेटाङ नगरपलिका आर्थिक सहयोग कार्यबिधि, २०७७ मा छात्राबृति सहायता सम्बन्धी भएको व्यवस्था बमोजिम संलग्न अनुसूची बमोजिमको छात्राबृति प्रदान गर्ने।</td></tr>
<tr><td>१२</td><td>श्रोत सुनिश्चितता गर्ने।</td><td>लेटाङ नगरपालिका देहायको ठेक्कामा श्रोतको सुनिश्चितता आवश्यक देखिएकाले देहायको शिर्षकबाट भुक्तानी हुने गरी श्रोतको सुनिश्चितता प्रदान गर्ने।
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>रकम</th><th>श्रोत</th></tr>
<tr><td>१</td><td>शिक्षा बिकास मार्ग</td><td>९१९८८०।२५</td><td>अन्तर सांस्कृतिक संग्राहलय निर्माण शिर्षकमा बिनियोजन रकम</td></tr>
<tr><td>२</td><td>सडक बोर्डको ठेक्का</td><td>५४२२१६९।६७</td><td>समपुरक कोष र अपुग भएमा अन्तर सांस्कृतिक संग्राहलय निर्माण शिर्षकमा बिनियोजन रकम</td></tr>
</table></td></tr>
<tr><td>१३</td><td>भेरिएसन आदेश अनुमोदन सम्बन्धमा।</td><td>१.लेटाङ नगरपालिका ह्युम पाइप खरिद थप आवश्यक भई प्राविधिक स्टमेट बमोजिम भेरिएसन पेश गरेकोले सप्लायर्सले कबुल गरेको रकममा २३।५१% प्रतिशत रकम बढी हुने देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ तथा लेटाङ नगरपालिकाको खरिद नियमावली,२०७६ को नियम १२७(१) (ग) अनुसार भेरिएसन आदेश स्विकृत निर्णयको अनुमोदन गर्ने।<br>२. लेटाङ नगरपालिकाको चिसाङ मुक्ती घाट निर्माणका लागि नदि जन्य प्रकोप नियन्त्रणका लागि तारजाली लगाउन आवश्यक देखिएको कारण प्राविधिकले पेश गरेको रु.२३१३९०/- बराबरको भेरिएसन लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावलीको नियम १२७ को उपनियम १(ग) अनुसार स्वीकृत गर्ने। उक्त आयोजनामा अपुग हुने रकम निर्मित सम्पत्तीको मर्मत संभार शिर्षकबाट भुक्तानी प्रदान गर्ने।</td></tr>
</table>

| | | |
|---|---|---|
| १४ | भेरिएसन स्विकृत सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ७ समला खानेपानी आयोजना निर्माणका लागि स्थानीय उपभोक्ता बाट ३० हजार लिटरको टयाङ्कीको ठाउँमा ५० हजार लिटरको टयाङ्की निर्माणको लागि माग भई आएको तथा टयाङ्कीको स्थानान्तरण भएको/- कारण प्राविधिकले पेश गरेको रु २२०१६०/- बराबरको भेरिएस लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावलीको नियम १२७ को उपनियम १(ग) अनुसार स्वीकृत गर्ने। उक्त आयोजनामा अपुग हुने रकम निर्मित सम्पत्तीको मर्मत संभार शिर्षकबाट भुक्तानी प्रदान गर्ने। |
| १५ | श्रोतभर्ना माग गर्ने सम्बन्धमा। | लेटाङ नगरपालिकामा "मृगौला प्रत्यारोपण गरेको, डायलाइसिस गरिरहेका, क्यान्सन रोगी र मेरूदण्ड पक्षघातका बिरामीहरूलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यबिधि २०७८" को व्यवस्था बमोजिमको औषधी उपचार खर्च रकम उपलब्ध शिर्षकबाट भुक्तानी गरी नेपाल सरकार सँग श्रोतभर्ना माग गर्ने। |
| १६ | करार म्याद थप सम्बन्धमा। | लेटाङ नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरूको असार मसान्त सम्म करार अवधी थप गर्ने। |
| १७ | कोल्ड स्टोर भवनको ठेक्का सम्बन्धमा। | लेटाङ नगरपालिकामा अवस्थित कोल्ड स्टोरेज भवनको लागत स्टमेट परिमार्जन गरी पुन ठेक्का प्रक्रिया अगाडि बढाउने। |
| १८ | विपद सम्बन्धमा। | विपद व्यवस्थापनका लागि आपतकालिन बिपद् प्रतिकार्यका लागि आवश्यक सामाग्रीहरूको खरिद गरी व्यवस्थापन गर्न रू१५००००/- बिनियोजन गर्ने। (श्रोत:बिषद व्यवस्थापन खर्च शिर्षकबाट) |
| १९ | कार्यबिधि स्वीकृत सम्बन्धमा। | लेटाङ नगरपालिकाको बिद्यायन समितिबाट छलफल भई प्राप्त भएको देहायको कार्यबिधि स्विकृत गर्ने।<br>१. लेटाङ नगरपालिकाको प्रधानध्यापक छनौट तथा व्यवस्थापन कार्यबिधि,२०८० |
| २० | I.E.E गर्ने सम्बन्धमा। | लेटाङ नगरपालिकामा निर्माणधिन अवस्थामा रहेको लेटाङ अस्पताल र प्रस्तावित प्रशासनीक भवन निर्माण स्थल लेटाङ नगरपालिका वडा नं ५ मा अवस्थित रानी वन क्षेत्रको तथा वडा नं ५ मा अवस्थित राष्ट्रिय वन क्षेत्रमा अन्तर सांस्कृति संग्राहलय निर्माणका लागि वातावरण प्रभाव मुल्याङकन I.E.E गर्ने। (श्रोत: वातावरण प्रभाव परिक्षण शिर्षकमा बिनियोजित रकम) |
| २१ | सस्पेन्सन बृजका लागि योजना माग सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं १,६र ७ जोड्ने चिसाङ र भुवा खोलामा सस्पेन्सन वृज अति आवश्यक भएकाले नेपाल सरकार सस्पेन्सन वृज डिभिजन श्रीमहल पुल्चोक ललितपुरमा योजना माग गर्ने। |
| २२ | बिपन्न नागरिक औषधि उपचार खर्च वितरणको अनुमोदन सम्बन्धमा। | नगर प्रमुखको तोक आदेशमा विपन्न नागरिक आर्थिक सहयोग कार्यबिधि २०७७ बमोजिम हाल सम्म भएको बिपन्न नागरिक औषधि उपचार शिर्षकको अनुसूची बमोजिम प्रदान गरिएको आर्थिक सहयोगको अनुमोदन गर्ने। |
| २३ | घ बर्गको निर्माण इजाजत सम्बन्धमा। | के.एण्ड बि कन्स्ट्रक्सन प्रा. लि. ले २०८० चैत्र २३ गते पेश गरेको निवेदन तथा कागजात अध्ययन गरी "घ" बर्गको निर्माण व्यवसायको योग्यता जाँचबुझ समितिको |

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | सिफारिस तथा लेटाङ नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७६ बमोजिम उक्त प्रा. लि. लाई इजाजत पत्र प्रदान गर्ने। |
| २४ | कक्षा थपको अनुमती प्रदान गर्ने। | शैक्षिक शत्र २०८१ देखि लागु हुने गरी कक्षाथपको अनुमती माग भई आएकाले तपसिलका बिद्यालयलाई तालिका बमोजिमको कक्षा थपको अनुमती प्रदान गर्ने।<br>**तपसिलः** |

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | प्रकार | अनुमती दिइएको कक्षा |
|---|---|---|---|---|
| १ | अमरहर्ट मेमोरियल इ.स्कूल | लेटाङ-३ | संस्थागत | ६ |
| २ | जाँते प्यारागन इ. स्कूल | लेटाङ-९ | संस्थागत | ७ |
| ३ | विलिभर्स इ.स्कुल | लेटाङ-८ | संस्थागत | ६ |
| ४ | सरस्वती प्रा.वि. | लेटाङ-८ | सामुदायिक | ४ |
| ५ | बैजनाथ अधिकारी संस्कृत बिद्यापिठ | लेटाङ-९ | सामुदायिक | ५ |
| ६ | कमलपुर वाल विकास केन्द्र | लेटाङ-३ | सामुदायिक | वाल विकास |

| | | |
|---|---|---|
| २५ | शिर्षक परिवर्तन सम्बन्धमा। | बिद्यालय पुस्तकालय तथा I.C.T. व्यवस्थापन शिर्षक परिवर्तन गरी बिद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्थापन कार्यक्रमका लागि श्री मा.वि. लेटाङ-९ जाँते लाई छनौट गर्ने। |
| २६ | अन्तर धार्मिक शान्ती पार्क ठेक्का सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित अन्तर्धार्मिक शान्ती पार्क निर्माण सम्बन्धमा ठेक्का प्रक्रिया अगाडी बढाउनका लागि संघिय सरकारबाट शसर्त अनुदान रू ५० लाख प्राप्त भएको र ठेक्का कबोल अपुग रकम नगरपालिका मार्फत श्रोत सुनिश्चितता गर्ने। |
| २७ | अन्तर सांस्कृति संग्राहलय सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ५ मा अवस्थित राष्ट्रिय वन क्षेत्रको जग्गामा अन्तर सांस्कृतिक संग्राहलय भवन निर्माणका लागि डि.पि. आर निर्माण गरी श्रोतको सुनिश्चितता भएकोले वन ऐन,२०७६ तथा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ समेतले गरेको व्यवस्था बमोझिम जग्गा प्राप्ती गर्ने प्रक्रिया अगाडी बढाउने। |
| २८ | U.N.D.P सँग साझेदारी सम्बन्धमा। | लेटाङ नगरपालिकाको आगामी आर्थिक बर्षः २०८१/८२ का लागि दिगो सिचाईको बिस्तार र कृषि उत्पादनमा आत्मानिर्भरका कार्यक्रमहरू साझेदारीमा संञ्चालन गर्नका लागि U.N.D.P सँग प्रस्ताव पेश गर्ने। |
| २९ | आर्थिक सहयोग सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं-३ बस्ने चन्द्रबहादुर लिम्बुको घरमा आगलागि भई करिब २२२०००/- बराबरको क्षति भएको र राहत रकम उपलब्ध गराईदिनुभनी निवेदन र वडा कार्यालयको सर्जमिन सिफारिस सहित प्राप्त भएकाले निजलाई आर्थिक सहयोग स्वरूप रू१०००० प्रदान गर्ने। (श्रोतः विपद व्यवस्थापन कोष) |
| ३० | जस्तापाता सम्बन्धमा। | लेटाङ नगरपलिका वडा नं ८ को लालझोडामा अवस्थित श्री सरस्वती प्रा.वि.लाई जस्तापाता अपुग भएको भनी माग निवेदन प्राप्त भएकाले उक्त बिद्यालयलाई थप ३ बण्डल जस्तापाता प्रदान गर्ने। |

| | | |
|---|---|---|
| ३१ | रकम थप गर्ने सम्बन्धमा। | लेटाङ नगरपालिका जनसहभागिता शिर्षकमा रहेको बजेट अभाव रहेकाले लेटाङ नगरपालिका आन्तरिक अनुदान शिर्षकबाट १५ लाख जनसहभागिता शिर्षकमा थप बिनियोजन गर्ने। |
| ३२ | डि.पि.आर संसोधन सम्बन्धमा। | लेटाङ नगरपालिका प्रशासनीक भवन निर्माण गर्न रानी वन क्षेत्रको जग्गा प्रासि गरि प्रशासनीक भवन निर्माणका लागि वन ऐन,२०७६ तथा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ समेतले गरेको व्यवस्था बमोझिम जग्गा प्रासी गरी प्रशासनीक भवन निर्माणका लागि हाल तयार रहेको प्रशासनीक भवनको डि.पि.आर संसोधन गर्ने। |
| ३३ | सूचना प्रकाशन सम्बन्धमा। | हाल हावाहुरी, आगोलागि आदि जस्ता बिपद्को संभावना रहेको मौसम रहेकाले सम्भावित बिपद् जोखिमहरूबाट बच्नका लागि नगरबासी समक्ष सचेतनामुलक सूचना प्रकाशन गर्ने। |

निर्णय नं. २२ संग सम्बन्धि

| क्र.सं. | नाम, थर | ठेगाना | बुझिलिएको रकम |
|---|---|---|---|
| १ | बलिराज राई | लेटाङ-४ | १००००/- |
| २ | टिका दियाली | लेटाङ-३ | १००००/- |
| ३ | रेवतीप्रसाद दहाल | लेटाङ-२ | १००००/- |
| ४ | युनिशा लिम्बु | लेटाङ-२ | १००००/- |
| ५ | भद्रबहादुर विश्वकर्मा | लेटाङ-२ | १००००/- |
| ६ | ज्ञानबहादुर राई | लेटाङ-५ | १००००/- |
| ७ | रिसप मगर | लेटाङ-२ | १००००/- |
| ८ | कृष्टिना लिम्बु | लेटाङ-३ | १००००/- |
| ९ | तिर्थमाया बि.क | लेटाङ-३ | १००००/- |
| १० | सोनाम लिम्बु | लेटाङ-३ | १००००/- |
| ११ | गिता आचार्य | लेटाङ-२ | १००००/- |
| १२ | सुवास अधिकारी | लेटाङ-६ | १००००/- |
| १३ | फुलकनी राई | लेटाङ-८ | १००००/- |
| १४ | निर्मला सुब्बा(लिम्बु) | लेटाङ-८ | १००००/- |
| १५ | सरस्वती भुजेल | लेटाङ-४ | १००००/- |
| १६ | पदमबहादुर दर्जी | लेटाङ-३ | १००००/- |
| १७ | पदममाया दर्जी | लेटाङ-२ | १००००/- |
| १८ | बलबहादुर कामी | लेटाङ-५ | १००००/- |
| १९ | सजिना लिम्बु | लेटाङ-६ | १००००/- |
| २० | चिचिमाया लिम्बु | लेटाङ-७ | १००००/- |
| २१ | सिता अधिकारी | लेटाङ-३ | १००००/- |
| २२ | हंसराज लिम्बु | लेटाङ-७ | १००००/- |
| २३ | तुलमाया लिम्बु | लेटाङ-६ | १००००/- |
| २४ | खेमबहादुर लिम्बु | लेटाङ-७ | १००००/- |
| २५ | बोदराज जम्मरकट्टेल | लेटाङ-१ | १००००/- |
| २६ | कुलबहादुर राई | लेटाङ-१ | १००००/- |
| २७ | रामप्रसाद मगर | लेटाङ-१ | १००००/- |
| २८ | रोहन मगर | लेटाङ-१ | १००००/- |
| २९ | भिम राई | लेटाङ-८ | १००००/- |
| ३० | कमलादेवि भट्टराई | लेटाङ-९ | १००००/- |

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

**निर्णय नम्बर १४ संग सम्बन्धित सुचिहरू**

**श्रोतः लेटाङ नगरपालिकाको छात्राबृति शिर्षकमा बिनियोजन भएको रकमबाट**

| क्र.सं | आवेदकको नाम थर | ठेगाना | बुवाको नाम | कक्षा / बर्ष | रकम |
|---|---|---|---|---|---|
| १ | समिर सुबेदी | लेटाङ-५ | कर्ण बहादुर सुबेदी | बि.बि.एस | १०००० |
| २ | विकास विश्वकर्मा | लेटाङ-८ | दलबहादुर बिश्वकर्मा | बि.बि.एस | १०००० |
| ३ | जोएल पौडेल | लेटाङ-९ | तिलोचन पौडेल | बि.बि.एस | १०००० |
| ४ | रिमा कुरूम्वाङ | लेटाङ-९ | महेन्द्र कुरूम्वाङ | बि.बि.एस | १०००० |
| ५ | सिलिना पहाडी | लेटाङ-६ | सन्तोष पहाडी | १२ कक्षा | ८००० |
| ६ | प्रिया लिम्बु | लेटाङ-९ | बिशाल लिम्बु | १२ कक्षा | ८००० |
| ७ | सफल दंगाल | लेटाङ-७ | रामप्रसाद दंगाल | ११ कक्षा | ८००० |
| ८ | अमृत कार्की | लेटाङ-२ | मिठे कार्की | बि.बि.एस | १०००० |
| ९ | अर्पण परियार | लेटाङ-९ | नीर बहादुर दर्जी | कक्षा १२ | ८००० |
| १० | मिसन श्रेष्ठ | लेटाङ-५ | नर बहादुर श्रेष्ठ | कक्षा १२ | ८००० |
| ११ | सुरज अधिकारी | लेटाङ-५ | कृष्णबहादुर अधिकारी | कक्षा १२ | ८००० |
| जम्मा | | | | | ९८०००/- |
| श्रोतः वडा नं २ को शैक्षिक गुणस्तर सुधार तथा बैकल्पिक शिकाईबाट | | | | | |
| १ | दिपका गौतम | लेटाङ-२ | युवराज गौतम | कक्षा १२ | १०००० |